## केन्द्रीय निर्वाचन आयोग

## राष्ट्रिय महाधिवेशन निर्वाचन आचारसंहिता, २०८३

**प्रस्तावना:**

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९ (तेस्रो संशोधन २०८१ सहित) को धारा ४९, राष्ट्रिय महाधिवेशन कार्यविधि, २०८३ को दफा १० (ख) तथा राष्ट्रिय महाधिवेशन निर्वाचन कार्यविधि, २०८३ ले दिएको अधिकार प्रयोग गरी, राष्ट्रिय महाधिवेशन निर्वाचनलाई स्वच्छ, निष्पक्ष, भयरहित, पारदर्शी एवं मर्यादित वातावरणमा सम्पन्न गर्नका लागि केन्द्रीय निर्वाचन आयोगले यो आचारसंहिता जारी गरेको छ। यो आचारसंहिता सम्पूर्ण उम्मेदवार, प्रतिनिधि तथा सरोकारवालाहरूका लागि पूर्ण रूपमा बाध्यकारी हुनेछ।

**१. उम्मेदवारी तथा प्रचार-प्रसार सम्बन्धी व्यवस्था**

- **प्रचार-प्रसारको प्रारम्भ:** निर्वाचन आयोगद्वारा उम्मेदवारी विधिवत् रूपमा प्रमाणित भएपछि मात्र औपचारिक रूपमा प्रचार-प्रसार सुरु गर्न पाइनेछ।
- **प्यानल वा गुटबन्दी निषेध:** निर्वाचन पूर्णतः व्यक्तिगत प्रतिस्पर्धामा आधारित हुनेछ। निर्वाचनको क्रममा कुनै पनि प्रकारको प्यानल, गठबन्धन, संयुक्त सूची वा गुटगत आधारमा प्रचार-प्रसार गर्न वा गराउन पाइने छैन।
- **भौतिक प्रचार सामग्रीको सीमा:** प्रचार-प्रसारका लागि तोकिएको अवधिमा अधिकतम २x२ फिट साइजको एउटा मात्र पोस्टर प्रयोग गर्न पाइनेछ। राष्ट्रिय महाधिवेशन स्थल तथा त्यसको आसपासका क्षेत्रहरूमा अन्य कुनै पनि प्रकारका प्लेकार्ड, ब्यानर, फ्लेक्स, पर्चा वा पम्प्लेट प्रदर्शन तथा वितरण गर्न पूर्ण रूपमा निषेध गरिएको छ।
- **डिजिटल तथा सामाजिक सञ्जालको उपयोग:** सामाजिक सञ्जाल (फेसबुक, टिकटक, इन्स्टाग्राम आदि), एसएमएस वा अन्य सञ्चारमाध्यमहरूबाट भ्रामक सूचना सम्प्रेषण गर्न, सशुल्क विज्ञापन गर्न वा मत माग्न पाइने छैन। प्रचार सामग्रीहरू मर्यादित, तथ्यपरक र विशुद्ध व्यक्तिगत हुनुपर्नेछ।
- **उच्छृङ्खल गतिविधि तथा जुलुस निषेध:** उम्मेदवारहरूले प्रतिनिधिहरूसँग प्रत्यक्ष संवाद र अन्तरक्रिया गर्न सक्नेछन्। तर, निर्वाचनलाई प्रभावित पार्ने उद्देश्यले नाराबाजी, जुलुस, शक्ति प्रदर्शन, होहल्ला वा उच्छृङ्खल गतिविधि गर्न पाइने छैन।

**२. निषेधित कार्य तथा तटस्थता सम्बन्धी व्यवस्था**

- **पदीय तटस्थता:** पार्टीको जिम्मेवारीमा रहेका कुनै पनि सदस्य (बहालवाला पदाधिकारी, मन्त्री तथा सांसदहरू समेत) ले आफ्नो पद, राजकीय वा दलीय स्रोत, अधिकार र प्रभावको प्रयोग गरी निर्वाचनको निष्पक्षतालाई प्रभावित पार्न पाउने छैनन्।
- **प्रलोभन, डर-धम्की र चरित्रहत्या निषेध:** आर्थिक प्रलोभन, उपहार वितरण, भोजभतेर आयोजना, पदको आश्वासन, डर, धम्की वा पदीय दुरुपयोग गरी मतदातालाई प्रभावित पार्न सख्त मनाही छ। साथै, आधारहीन एवं प्रमाणविहीन आरोपहरू लगाई कसैको अपमान गर्ने वा चरित्रहत्या गर्ने उद्देश्यले टिप्पणीहरू गर्न पाइने छैन।
- **प्रचार-प्रसारको चरणगत सीमा:** पहिलो चरणको निर्वाचनको प्रक्रिया पूर्ण रूपमा नसकिँदै दोस्रो चरणमा निर्वाचित हुने पदाधिकारी पदका लागि मत माग्न वा कुनै पनि प्रकारको प्रचार-प्रसार गर्न पाइने छैन।

**३. मतदान तथा बन्द सत्रको मर्यादा**

- **बन्द सत्रमा प्रवेशको मापदण्ड:** बन्द सत्रको हलभित्र निर्वाचन आयोगद्वारा विधिवत् रूपमा स्वीकृत प्राप्त प्रतिनिधि, उम्मेदवार, निर्वाचन व्यवस्थापनमा खटिएका कर्मचारी/अधिकारी तथा आवश्यक प्राविधिक सहयोगीहरू मात्र प्रवेश र उपस्थित हुन पाउनेछन्।
- **इलेक्ट्रोनिक उपकरण निषेध:** मतदान कक्ष भित्र मोबाइल फोन, क्यामेरा वा अन्य कुनै पनि प्रकारका इलेक्ट्रोनिक उपकरणहरू लैजान, फोटो वा भिडियो खिच्न तथा गोप्य मतदानको गोपनीयता भङ्ग हुने कार्य गर्न सख्त निषेध गरिएको छ।

**४. उजुरी, कारबाही तथा अन्य व्यवस्था**

- **उजुरीको हदम्याद र प्रमाण:** आचारसंहिता उल्लंघन सम्बन्धी उजुरीहरू वस्तुनिष्ठ प्रमाण (जस्तै: फोटो, भिडियो, अडियो, सामाजिक सञ्जालका सामग्री वा प्रत्यक्षदर्शीको लिखित बयान) सहित घटना घटेको २४ घण्टाभित्र वा निर्वाचनको अन्तिम परिणाम घोषणा हुनु अगावै लिखित रूपमा दर्ता गरिसक्नुपर्नेछ।
- **कारबाहीको प्रक्रिया:** आचारसंहिता उल्लंघन भएको प्रमाणित भएमा केन्द्रीय निर्वाचन आयोग वा तोकिएको निर्वाचन समितिले सम्बन्धित पक्षलाई आफ्नो स्पष्टीकरण पेश गर्ने उचित अवसर प्रदान गर्नेछ। चित्तबुझ्दो स्पष्टीकरण नआएमा कसुरको गम्भीरता हेरी मौखिक/लिखित चेतावनी दिने, उम्मेदवारी खारेज गर्ने वा थप अनुशासनात्मक कारबाहीका लागि केन्द्रीय अनुशासन आयोगमा सिफारिस गरिनेछ।
- **पुनरावेदन:** महाधिवेशन निर्वाचन समितिको निर्णयउपर चित्त नबुझेमा केन्द्रीय निर्वाचन आयोगमा पुनरावेदन गर्न सकिनेछ र सो सम्बन्धमा आयोगले गरेको निर्णय नै अन्तिम र सर्वमान्य हुनेछ।
- **कानुनी आधार तथा व्याख्या:** यस आचारसंहितामा स्पष्ट रूपमा उल्लेख नभएका विषयहरूको हकमा राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, राष्ट्रिय महाधिवेशन कार्यविधि, राष्ट्रिय महाधिवेशन निर्वाचन कार्यविधि तथा केन्द्रीय निर्वाचन आयोगको निर्णय बमोजिम हुनेछ।

**जारी मिति:** २०८३ असार ५ गते